# परिवर्तन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लुम्बिनी प्रदेश, नेपाल

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८३/८४-२०८५/८६)




## अन्तिम प्रतिवेदन

कन्सल्टेन्टः

एराटेक नेपाल प्रा.लि.

ललितपुर म.ना.पा. — ४, ललितपुर

# मन्तव्य

मध्यमकालीन खर्च संरचना स्थानीय सरकारको अनिवार्य दायित्वको रुपमा रहेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वजेट तर्जुमा गर्नुपुर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था अनिवार्य गरेको छ ।

मध्यमकालीन खर्च संरचनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गरी आवधिक योजनालाई वार्षिक योजना संग जोडी योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन सहज बनाउंछ ।

आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ। यसका साथै स्थानीय सरकारका नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा महत्वपूर्ण औजार भएको हुनाले दीगो विकासका लक्ष्य तथा संघ, प्रदेश र स्थानीय सरकारहरुको सोच, तथा लक्ष्य पुरा गर्न सहज हुन्छ ।

अन्त्यमा, यस परिवर्तन गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहयोग गर्ने सम्पूर्ण कर्मचारी, गाउँपालिकाका पदाधिकारी लगायत विज्ञ टोलीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

........................

**अध्यक्ष**

**सुक बहादुर बुढा मगर**

# मन्तव्य

स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय शासन प्रणालीलाई संस्थागत बनाउन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन स्थानीय सरकारलाई मार्गदर्शन गरेको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वजेट तर्जुमा गर्नुपुर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उदेश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो। जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गरी विकासलाई नतिजामूलक तथा परिणामुखी बनाउन अधिकतम प्रयास गर्नुपर्दछ । स्रोत, साधन तथा क्षमता र पूर्वाधार विकासको न्यून अवस्था र तीव्र विकासको जनचाहाना सम्बोधन गर्नु आफैमा कठिन र चुनौतिपूर्ण कार्य हो।

यसै सन्दर्भमा परिवर्तन गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने क्रममा सहयोग पुर्याउनु हुने पदाधिकारी, सम्पूर्ण कर्मचारीहरू तथा विज्ञहरू प्रति धन्यवाद व्यक्त गर्दै सबैको निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु।

..........................

**उपाध्यक्ष**

**कलादेवी खत्रेनी**

# प्राक्कथन

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले प्रत्येक आर्थिक वर्षको वजेट तर्जुमा गर्नुपुर्व आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गनुपर्ने र सो संरचना तयार गर्दा आवधिक योजनालाई मार्गदर्शनका रुपमा लिनुपर्ने व्यवस्था गरेको छ।

मध्यमकालीन खर्च संरचनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेटको बीचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गरी आवधिक योजनालाई वार्षिक योजना संग जोडी योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन सहज बनाउंछ।

आम नागरिकले संघीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गर्ने तथा कार्यान्वयन योग्य योजना छनौट तथा सोको लागि आवश्यक श्रोतको व्यवस्थापन गर्नु जरुरी देखिन्छ। यसका साथै स्थानीय सरकारका नीति, कानून, कार्यविधि र मापदण्ड निर्माण, योजना तथा बजेट तर्जुमा, विकास व्यवस्थापन र सेवा संचालन तथा प्रवाहलाई सुव्यवस्थित र प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा महत्वपूर्ण औजार भएको हुनाले दीगो विकासका लक्ष्य तथा संघ, प्रदेश र स्थानीय सरकारहरुको सोच, तथा लक्ष्य पुरा गर्न सहज हुन्छ।

अन्त्यमा, यस परिवर्तन गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, पदाधिकारी लगायत सम्पूर्ण कर्मचारी, विज्ञ टोलीलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

................................

**प्रमुख प्रशासकीय अधिकृत**
**निम बहादुर के. सी.**

**परिच्छेद एक: परिचय ........ १**

१.१ पृष्ठभूमि........ १

१.२ मध्यमकालीन खर्च संरचना अवधारणा ........ १

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ २

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु........ ३

१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ........ ३

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया........ ४

**परिच्छेद दुई: मध्यमकालीन खर्च संरचना ........ ८**

२.१ पृष्ठभूमि........ ८

**२.२ चुनौती तथा अवसर ........ ८**

**२.३ सोच, उद्देश्य तथा रणनीति ........ ९**

२.३.१ दीर्घकालीन सोच........ १०

२.३.२ लक्ष्य ........ १०

२.३.३ उद्देश्य........ १०

२.३.४ रणनीति........ १०

**२.४ मध्यमकालीन आर्थिक खाका........ ११**

२.५ मध्यमकालीन नतिजा खाका........ ११

२.६ मध्यमकालीन बजेट खाका ........ १२

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १५

**परिच्छेद तीन: आर्थिक क्षेत्र........ १९**

३.१ कृषि तथा पशुपंक्षी........ १९

३.१.१ पृष्ठभूमि........ १९

३.१.२ समस्या तथा चुनौती ........ १९

३.१.३ सोच........ २०

३.१.४ उद्देश्य........ २०

३.१.५ रणनीति........ २०

३.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ २१

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २२
३.१.८ जोखिम पक्ष तथा अनुमान ........ २२
३.२ सिंचाई........ २२
३.२.१. पृष्ठभूमि........ २२
३.२.२. समस्या तथा चुनौती ........ २३
३.२.३ सोच........ २३
३.२.४ उद्देश्य........ २३
३.२.५ रणनीति........ २३
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २३
३.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ २४
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ २४
३.२.९ जोखिम पक्ष तथा अनुमान ........ २५
३.३ उद्योग, व्यापार तथा व्यवसाय ........ २५
३.३.१ पृष्ठभूमि........ २५
३.३.२ समस्या तथा चुनौती ........ २५
३.३.३ सोच........ २५
३.३.४ उद्देश्य........ २५
३.३.५ रणनीति........ २६
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २६
३.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ २६
३.३.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण........ २७
३.३.९ जोखिम पक्ष तथा अनुमान ........ २७
३.४ पर्यटन विकास........ २७
३.४.१ पृष्ठभूमि........ २७
३.४.२ समस्या चुनौती........ २८
३.४.३ सोच........ २८
३.४.४ उद्देश्य........ २८
३.४.५ रणनीति........ २८
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २८

३.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ २९
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३०
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ ३०
३.६ श्रम तथा रोजगारी ........ ३०
३.६.१ पृष्ठभूमि ........ ३०
३.६.२ समस्या तथा चुनौती ........ ३०
३.६.३ सोच ........ ३१
३.६.४ उद्देश्य ........ ३१
३.६.५ रणनीति ........ ३१
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ ३२
**परिच्छेद चार: सामाजिक विकास ........ ३३**
४.१ शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ३३
४.१.१ पृष्ठभुमि ........ ३३
४.१.२ समस्या तथा चुनौती ........ ३३
४.१.३ सोच ........ ३३
४.१.४ उद्देश्य ........ ३४
४.१.५ रणनीति ........ ३४
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४
४.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ३५
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३५
४.१.९ जोखिम पक्ष तथा अनुमान ........ ३५
४.२ स्वास्थ्य तथा पोषण ........ ३५
४.२.१ पृष्ठभूमि ........ ३५
४.२.२ समस्या तथा चुनौती ........ ३६
४.२.३ सोच ........ ३६
४.२.४ उद्देश्य ........ ३६
४.२.५ रणनीति ........ ३६
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३७
४.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ३८

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३८
४.२.९ जोखिम पक्ष तथा अनुमान ........ ३८
४.३ खानेपानी र सरसफाई ........ ३९
४.३.१ पृष्ठभूमि ........ ३९
४.३.२ समस्या तथा चुनौती ........ ३९
४.३.३ सोच ........ ३९
४.३.४ उद्देश्य ........ ३९
४.३.५ रणनीति ........ ३९
४.३.६ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य ........ ४०
४.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ४०
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४०
४.३.९ जोखिम पक्ष तथा अनुमान ........ ४१
४.४ महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग ........ ४१
४.४.१ पृष्ठभूमि ........ ४१
४.४.२ समस्या तथा चुनौती ........ ४१
४.४.३ सोच ........ ४२
४.४.४ उद्देश्य ........ ४२
४.४.५ रणनीति ........ ४२
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४२
४.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण ........ ४३
४.४.९ जोखिम पक्ष तथा अनुमान ........ ४४
४.५ युवा तथा खेलकुद ........ ४४
४.५.१ पृष्ठभूमी ........ ४४
४.५.२ समस्या र चुनौती ........ ४४
४.५.३ सोच ........ ४५
४.५.४ उद्देश्य ........ ४५
४.५.५ रणनीति ........ ४५
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४५

४.५.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४६
४.५.९ जोखिम पक्ष तथा अनुमान ........ ४७
**परिच्छेद पाँचः पूर्वाधार क्षेत्र........ ४८**
५.१ आवास, भवन, वस्ती सार्वजनिक निर्माण ........ ४८
५.१.१ पृष्ठभूमी........ ४८
५.१.२ समस्या तथा चुनौती ........ ४८
५.१.३ सोच........ ४८
५.१.४ उद्देश्य........ ४९
५.१.५ रणनीति........ ४९
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४९
५.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ५०
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५०
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ५०
५.२ सडक, पुल तथा यातायात ........ ५१
५.२.१ पृष्ठभूमि........ ५१
५.२.२ समस्या तथा चूनौति ........ ५१
५.२.३ सोच........ ५१
५.२.४ उद्देश्य........ ५१
५.२.५ रणनीति........ ५२
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५२
५.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५३
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ५३
५.३ जलस्रोत, विद्युत तथा उर्जा........ ५४
५.३.१ पृष्ठभूमि........ ५४
५.३.२ समस्या तथा चूनौति ........ ५४
५.३.३ सोच........ ५४
५.३.४ उद्देश्य........ ५४

५.३.५ रणनीति ..................................................... ५४
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ५४
५.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ..................................................... ५५
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..................................................... ५५
६.३.९ जोखिम पक्ष तथा अनुमान ..................................................... ५६
५.४ सूचना तथा सञ्चार ..................................................... ५६
५.४.१ पृष्ठभूमि ..................................................... ५६
५.४.२ समस्या तथा चूनौती ..................................................... ५६
५.४.३ सोच ..................................................... ५६
५.४.४ उद्देश्य ..................................................... ५७
५.४.५ रणनीति। ..................................................... ५७
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ५७
५.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ..................................................... ५८
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..................................................... ५८
५.४.९ जोखिम पक्ष तथा अनुमान जोखिम पक्ष तथा अनुमान ..................................................... ५८
**परिच्छेद ६: वन वातावरण तथा विपद व्यवस्थापन ..................................................... ५९**
६.१ वन तथा जैविक विविधता ..................................................... ५९
६.१.१ पृष्ठभूमि ..................................................... ५९
६.१.२ समस्या तथा चूनौति ..................................................... ५९
६.१.३ सोच ..................................................... ५९
६.१.४ उद्देश्य ..................................................... ६०
६.१.५ रणनीति ..................................................... ६०
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................................................... ६०
६.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ..................................................... ६०
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..................................................... ६१
६.१.९ जोखिम पक्ष तथा अनुमान ..................................................... ६१
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ..................................................... ६१
६.२.१ पृष्ठभूमि ..................................................... ६१
६.२.२ समस्या तथा चुनौति ..................................................... ६२

६.२.३ सोच ........ ६२

६.२.४ लक्ष्य र उद्देश्य ........ ६२

६.२.५ रणनीति ........ ६२

६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२

६.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ६३

६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६३

६.२.९ जोखिम पक्ष तथा अनुमान ........ ६४

६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ६४

६.३.१ पृष्ठभूमि ........ ६४

६.३.२ समस्या तथा चूनौति ........ ६५

६.३.३ सोच ........ ६५

६.३.४ उद्देश्य ........ ६५

६.३.५ रणनीति ........ ६५

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६५

६.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ६६

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६६

६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६७

**परिच्छेद सात: संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६८**

७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६८

७.१.१ पृष्ठभूमि ........ ६८

७.१.२ समस्या तथा चूनौति ........ ६८

७.१.३ सोच ........ ६९

७.१.४ उद्देश्य ........ ६९

७.१.५ रणनीति ........ ६९

७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९

७.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान ........ ७१

७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ७१

७.१.९ जोखिम पक्ष तथा अनुमान ........ ७१

अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल ........ ७२

अनुसूची २: मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन .......... ७३

अनुसूची ३: मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण ................................ ८०

अनुसूची ४: तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण........................................................................................ ८५

तालिका १:मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) ........ ११
तालिका २: मध्यमकालीन नतिजा खाका........ १२
तालिका ३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........ १४
तालिका ४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)........ १५
तालिका ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १६
*तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*........ १७
*तालिका ७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*........ १८
*तालिका ८: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*........ १८
तालिका ९: कृषि तथा पशुपन्छी विकास क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक ........ २०
तालिका १०: कृषि तथा पशुपन्छी उप–क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ २१
*तालिका ११: कृषि तथा पशुपन्छी विकास कार्यक्रम*........ २२
तालिका १२: सिंचाई विकास क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक........ २४
तालिका १३: सिंचाई उप–क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ २४
*तालिका १४: सिंचाई विकास कार्यक्रम*........ २४
तालिका १५: उद्योग, व्यापार तथा व्यावसायको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २६
तालिका १६: उद्योग, व्यापार तथा व्यवसाय उप–क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ २७
तालिका १७: उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम ........ २७
तालिका १८: पर्यटन विकासको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ २९
तालिका १९: पर्यटन तथा संस्कृति क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ २९
तालिका २०: पर्यटन तथा संस्कृति विकास कार्यक्रम ........ ३०
तालिका २१: श्रम, रोजगारी र सामाजिक सुरक्षाको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३१
तालिका २२: श्रम तथा रोजगार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ३२
तालिका २३: श्रम तथा रोजगारी विकास कार्यक्रम ........ ३२
तालिका २४: शिक्षा क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४
तालिका २५: शिक्षा क्षेत्रको स्रोतको स्रोतको त्रिवर्षीय अनुमान........ ३५
तालिका २६: शिक्षा विकास कार्यक्रम ........ ३५
तालिका २७: स्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य........ ३७
तालिका २८: स्वास्थ्य तथा पोषण क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ३८
तालिका २९: स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ३८
तालिका ३०: खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४०
तालिका ३१: खानेपानी तथा सरसफाई क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ४०
तालिका ३२: खानेपानी तथा सरसफाई कार्यक्रम ........ ४१
तालिका ३३: महिला, बालबालिका तथा लक्षित वर्गको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४२
तालिका ३४: महिला, बालबालिका तथा लक्षित वर्गको स्रोतको त्रिवर्षीय अनुमान........ ४३
तालिका ३५: लक्षित वर्ग विकास कार्यक्रम........ ४४
तालिका ३६: युवा तथा खेलकुद क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४५

तालिका ३७: युवा तथा खेलकुद क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
तालिका ३८: युवा तथा खेलकुद विकास कार्यक्रम ........ ४६
तालिका ३९: वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४९
तालिका ४०: आवास तथा भवन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ५०
तालिका ४१: आवास तथा भवन विकास कार्यक्रम........ ५०
तालिका ४२: सडक, पुल तथा यातायातको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५२
तालिका ४३: सडक, पुल तथा यातयात क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
तालिका ४४: सडक विकास कार्यक्रम........ ५३
तालिका ४५: जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा........ ५५
*तालिका ४६: विद्युत तथा उर्जा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*........ ५५
*तालिका ४७: विद्युत तथा उर्जा विकास कार्यक्रम*........ ५६
तालिका ४८:सूचना तथा संचार क्षेत्रको नतिजासूचक तथा मध्यमकालीन लक्ष्य........ ५७
*तालिका ४९:सूचना तथा संचार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*........ ५८
*तालिका ५०:सूचना तथा सञ्चार विकास कार्यक्रम*........ ५८
तालिका ५१: वन तथा जैविक विविधता क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ६०
तालिका ५२: वन तथा जैविक विविधता क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ ६१
तालिका ५३: वन तथा जैविक विविधता कार्यक्रम........ ६१
तालिका ५४: वातावरण तथा फोहोरमैला व्यवस्थापनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२
तालिका ५५: वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........ ६३
*तालिका ५६:वातावरण तथा फोहरमैला व्यवस्थापन कार्यक्रम*........ ६४
तालिका ५७: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ६५
तालिका ५८: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ६६
तालिका ५९:विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलन कार्यक्रम........ ६६
तालिका ६०: संस्थागत विकास तथा सुशासन विकासको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६९
तालिका ६१: संस्थागत विकास तथा सुशासन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान........ ७१
तालिका ६२: संस्थागत विकास तथा सुशासन प्रवर्धन कार्यक्रम ........ ७१

.

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारको नीति कार्यक्रम, दीर्घकालीन एवम अल्पकालीन योजनाहरु, रणनीतिक योजनाहरु समेतले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ।विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्यत गर्दछ । यसले विभिन्न स्रोतहरुको व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ। प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपाल सरकारले तर्जुमा गरेका विभिन्न कानूनहरु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावलीले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा परिवर्तन गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति कार्यक्रम तथा गाउँपालिकामा उपलब्ध अन्य सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित यो मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचना अवधारणा

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका छन् ।

दीर्घकालीन योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिएको छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिएको छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त

हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिएको छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

परिवर्तन गाउँपालिकाको पहिलो प्रयासको रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न लागिएको हो । यस मध्यमकालीन खर्च संरचनाबाट गाउँपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्धारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ ।

(क) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत—साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

(ख) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ग) गाउँपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउनु, र

(घ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ ।

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८२/८३)
- परिवर्तन गाउँपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)
- परिवर्तन गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट (आ.व.२०८२/८३)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- परिवर्तन गाउँपालिकाको डिजिटल प्रोफाईल

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

नेपालको योजनावद्ध विकासलाई अझ सुदृढ बनाउदै लैजाने क्रममा चौधौं योजना देखी नै राष्ट्रको आर्थिक, सामाजिक र पर्यावरणीय क्षेत्रमा दिगो विकास लक्ष्य तथा यसका सुचकहरुसँग सामन्जस्यता कायम गर्दै तहगत रुपमा स्थानीयकरण भएको पाइन्छ । नेपाल सरकार तथा प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकासको लक्ष्य अनुसार सांकेतिकीकरण गर्ने गरिएको छ । हाल आएर मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकासको लक्ष्यलाई मुलप्रवाहिकरण गरी यसका सुचक हासिल गर्न सघाऊ पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता दिन थालेको पाईन्छ । दिगो विकास लक्ष्यलाई सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका योजनामा समावेश गर्न दिग्दर्शनहरु तयार भएका छन् । जसबाट दिगो विकास लक्ष्य स्थानीय स्तरमा समेत आन्तरिकीकरण हुदै जाने अपेक्षा गरिएको छ । नेपालको सन्दर्भमा दिगो विकास लक्ष्य प्राप्तिलाई प्रभावकारी बनाउन नीतिगत तथा संस्थागत संरचनाहरु तयार भएका छन् । कार्यक्रम र आयोजनाको निर्धारित लक्ष्य हासिल गर्न र कार्यान्वयनका दौरान देखिन सक्ने कमजोरीलाई समय सापेक्ष सुधार गर्न अनुगमन र मूल्याङ्कनको निर्धारित ढाँचा तयार पारी लागु गर्नुपर्ने हुन्छ । दिगो विकासको लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव नहुने भएकोले सरकारी, निजी, सहकारी र विकास साझेदारबीच सहकार्य गर्न जरुरी हुन्छ ।स्थानीय सरकारले पनि योजना तर्जुमा तथा आयोजना पहिचान र प्राथमिकीकरण गर्दा दिगो विकास लक्ष्यलाई ध्यानदिने अभ्यास क्रमिक रुपमा बढीरहेको

छ ।परिवर्तन गाउँपालिकाले आफनो नीति कार्यक्रममा बेरोजगारी प्रतिशतलाई दिगो विकास लक्ष्यको सूचकअनुसार बार्षिक रुपमा कम गर्दै जाने लक्ष्य लिएको देखिन्छ ।

गाउँपालिकाको चालु आर्थिक बर्षको प्रतिब्यक्ति आय ११०० अमेरिकी डलर रहेकोमा आगामी ३ बर्षमा प्रतिब्यक्ति आय वृद्धि गरी आर्थिक बर्ष २०८५/८६ को अन्त्यमा प्रतिव्यक्ति औषत आय १४०० अमेरिकी डलर पुर्‍याउने लक्ष्य सहित बार्षिक बजेट अनुमान तथा प्रक्षेपण गरिएको छ । जुन दिगो विकास लक्ष्यको सुचकलाई आधार मानेर तयार गरिएको हो । उत्पादनशील उद्योग, निर्माण क्षेत्र, पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि क्षेत्रमा रोजगारीका अवसरहरु देखिएका तथा प्राथमिकतामा राखिएका छन् । मध्यमकालीन खर्च संरचना तर्जुमा र सो अनुरुप वार्षिक बजेट तर्जुमागर्दा यस अघिका लक्ष्य प्राप्तिको समीक्षाका साथै दिगो विकास लक्ष्यका बढी भन्दा बढी सूचकहरुलाई कार्यान्वयन गर्ने कार्यक्रमहरु लागु गर्दै जानु वाञ्छनीय हुन्छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

परिवर्तन गाउँपालिकाले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीयतहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन गरी तर्जुमा गरिएको छ ।

### *प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन*

यस परिवर्तन गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदाता नियुक्त गरी परिचालन गरियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो ।

### *प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

परिवर्तन गाउँपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास

- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना
- लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना
- परिवर्तन गाउँपालिकाको दोस्रो आवधिक योजना
- परिवर्तन गाउँपालिकाको नीति कार्यक्रम, कानून तथा प्रतिवेदन आदि ।

### *प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

### *प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो । सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो । यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरि आवश्यक कार्य सम्पादन गरियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

### *प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो । यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप—क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

*प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँपालिकाका रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो । यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

*प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो । विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंङ्गिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

*प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/एकाइलाई विज्ञ परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो। उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो । विषयगत शाखा/एकाइ उप-क्षत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो ।

*प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको

योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

*प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्धेश्यले एकदिने कार्यशाला आयोजना गरिएको थियो । यस कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिककरण समेत गरियो ।

प्*रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा गाउँपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्ताबेजलाई आवश्यक परिमार्जन गरिएको छ । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरि यस परिमार्जित मस्यौदामा समेटिएको छ ।

*प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी स्विकृत गरिएको छ । साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज आगामी गाउँ सभाबाट अनुमोदन गराउने निर्णय समेत कार्यपालिकाबाट गरिएको छ ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ । नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार यस गाउँपालिकाले तय गरेको आवधिक योजनाले राखेको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

यस गाउँपालिकाले आवधिक योजना २०८० तर्जुमा गर्ने कार्य सम्पन्न गरेको छ । आर्थिक वर्ष २०८३/८४-२०८५/८६ का लागि तुर्जमा गरिएको प्रस्तुत मध्यमकालीन खर्च संरचनामा चालु सोहौं योजना तथा लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवं गाउँपालिकाको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार सूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, सोहौं योजना, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना र गाउँपालिकाको आवधिक योजना एवम नीति तथा कार्यक्रमले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्ने कार्य आफैमा चुनौतिपूर्ण छ । यसका साथै

विश्वव्यापी जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढदो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशील विकास हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु गाउँपालिकाको निमित्त थप चुनौतिको विषय हो ।

परिवर्तन गाउँपालिकाको व्यवस्थित वस्ती विकास, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीका अवसरमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि गाउँ विकासको चुनौतिको रुपमा रहेका छन । वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतिपूर्ण कार्य हो ।
सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु यस गाउँपालिकाका लागि प्रमुख अवसरहरु हुन । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन ।
वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी गाउँपालिकामा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढने समेत अवसर सिर्जना भएको छ । यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपदले गर्दा अझ राम्रो अझ बलियो सुरक्षित निर्माण, उत्थानशील विकास र वातावरणीय सन्तुलनका दिशामा यस मध्यमकालीन खर्च संरचनाले केन्द्रित हुन थप प्रेरणा दिने अपेक्षा गरिएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको दीर्घकालीन सोंच तथा योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । गाउँ विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण गाउँपालिकाको अन्य क्षेत्रगत रणनीतिक योजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, सोह्रौं राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको दोस्रो आवधिक योजना एवम् संघ, प्रदेश र गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग

गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छः

***"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत र पूर्वाधार : समृद्ध परिवर्तनको बलियो आधार"***

समृद्ध परिवर्तनको संकथनले उन्नत प्रविधियुक्त कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य सहित दिगो पूर्वाधारको स्थापना तथा सञ्चालनको माध्यमबाट आत्मनिर्भरता हासिल गरी दिगो, समावेशी र विविधीकृत ब्यवस्थित आर्थिक विकास र आनन्दमय गाउँको छविलाई चित्रित गर्दछ । यसभित्र हरित अर्थतन्त्र समेतको अधिकतम प्रवर्द्धन, उत्थानशील पूर्वाधार सञ्जाल तथा सुदृढ बजार प्रणाली र विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन् । यो माथिको दीर्घकालीन सोच तय गर्नका लागि यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलको सहजीकरणमा गाउँ कार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीहरु बीचको छलफलबाट तय गरिएका छन् । त्यस्तै माथिको दीर्घकालिन सोच प्राप्तिका लागि आवश्यक लक्ष्य उद्देश्य तथा रणनीतिहरु समेत कार्यदलको अगुवाईमा गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुको संयुक्त छलफलबाट तय गरी आवधिक योजना संग तालमेल हुने गरी प्रस्ताव गरिएको छ।

### २.३.२ लक्ष्य

"सभ्य र सुखी नागरिक बसोबास गर्ने स्वच्छ, सुन्दर र समृद्ध गाउँपालिका"

### २.३.३ उद्देश्य

१. स्थानीय उत्पादन, रोजगारी, आय र आर्थिक क्षेत्रको विस्तारलाई प्रवर्द्धन गर्नु,
२. गाउँबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षामा पहुँच र आत्म सम्मान पूर्वक जीवन यापनका अवसर तयार गर्नु,
३. आवास, बजार, भौतिक सुविधा तथा अन्तर-आबद्धता सहज, दिगो, व्यवस्थित र उत्थानशील बनाउनु,
४. गाउँ क्षेत्रको पर्यावरण एवं जैविक विविधताको संरक्षण र विपद् व्यवस्थापनको क्षमता अभिवृद्धि गर्नु र
५. गाउँपालिकाको सेवा प्रवाह थप प्रभावकारी र सुशासन अभिवृद्धि गर्नु ।

### २.३.४ रणनीति

गाउँपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिएका छन् ।

१. प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने ।
२. विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

३. शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने।
४. गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने ।
५. वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने ।
६. सुशासन सम्बन्धी नीति गत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

१६ औ योजनाको सुशासन सामाजिक न्याय र समृद्धको राष्ट्रिय सोच तथा संकल्प, प्रदेशको “समृद्ध लुम्बिनीः खुसी नागरिक” लुम्बिनी प्रदेशको सोच र गाउँपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं.१ मा प्रस्तुत गरिएको छ ।

तालिका १:मध्यमकालीन *समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)*

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०८१/८२सम्म को उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | गाउँपालिकाको कुल बार्षिक उत्पादन | रु. लाखमा | ५०००० | ५५००० | ६०००० | ७०००० | ८०००० |
| | *कृषि क्षेत्रको उत्पादन* | रु. लाखमा | ३०००० | ३०००० | ३५००० | ४०००० | ४५००० |
| | *गैर कृषि (उद्योग र सेवा) क्षेत्रको उत्पादन* | रु. लाखमा | २०००० | २५००० | २५००० | ३०००० | ३५००० |
| २. | औषत पारिवारिक आय | रु. लाखमा | ३ | ३.३ | ३.५ | ४ | ५ |
| ३ | उद्योग व्यापार र व्यवसाय | संख्या | २०० | २२० | २५० | ३०० | ३५० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ४५० | ४८० | ५०० | ५५० | ६०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७१ | ७२ | ७५ | ८० |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको सोह्रौं योजना, लुम्बिनी प्रदेशको दोस्रो आवधिक योजना तथा गाउँपालिकाको वर्तमान विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरुको यथार्थ उपलब्धि र चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८३/८४

को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन नतिजा खाका तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: **मध्यमकालीन नतिजा खाका**

| नतिजा सूचक | इकाई | आ. व. २०८१/८२ सम्मको उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| **समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | | |
| निरपेक्ष गरिवी | प्रतिशत | २४ | २३ | २० | १८ | १५ |
| प्रतिव्यक्ति वार्षिक आय | अ. डलर | १००० | ११०० | १२०० | १३०० | १४०० |
| औषत आयु (जन्म हुँदाको) | वर्ष | ६९.५ | ७० | ७१ | ७१.५ | ७२ |
| साक्षरता दर (५वर्ष माथि) | प्रतिशत | ७५ | ७८ | ८२ | ८६ | ८८ |
| वेरोजगारी दर | प्रतिशत | १८ | १७ | १५ | १३ | ११ |
| | | **विषय क्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | |
| माध्यमिक तहको (९-१२) खुद भर्ना दर | प्रतिशत | ४५ | ५० | ६० | ६५ | ७० |
| विद्युत पहुँच प्राप्त परिवार | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९९ | १०० |
| इन्टरनेट सेवामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ५ | ७ | १५ | ३० | ५० |
| | | **स्रोत :लुम्बिनी प्रदेश दोस्रो आवधिक योजना (८१/८२-८५/८६), *सोह्रौं योजना (२०८१/८२-८५/८६), राष्ट्रिय जनगणना २०७८, ****चौथो जीवनस्तर सर्वेक्षण २०७९/८०** | | | | |

स्रोतः परिवर्तन गाउँपालिकाको आवधिक योजना २०८०

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ । गाउँपालिकाको प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित

समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ ।

गाउँपालिकाका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ । क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ ।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट राजस्व तथा विनियोजन र कार्तिक मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको मस्यौदा नीति कार्यक्रम बमोजिमको लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम र आन्तरिक श्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्व ७९ करोड ६३ लाख व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका ३ मा उल्लेख गरिएको छ ।

तालिका ३: **त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| विवरण | आ.व. ०८०/८१ को यथार्थ | आ.व. ०८१/८२ को संशोधित अनुमान | आ.व. ०८२/८३ को अनुमान | मध्यमकालीन बजेट अनुमान र प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. ०८३/८४ को प्रक्षेपित | आ.व. ०८४/८५ को प्रक्षेपित | आ.व. ०८५/८६ को प्रक्षेपित | कुल आय परिचालन |
| खर्च अनुमान | | | | | | | |
| चालु खर्च | २८२४८९ | २८३१०६ | ३४०५११ | ३५२९६२ | ३८७९३४ | ४२६७२७ | ११६७६२३ |
| पुँजीगत खर्च | १०१५४५ | १०५५२२ | १७६५९७ | १९००५७ | २०८८८७ | २२९७७६ | ६२८७२० |
| कुल | ३८४०३४ | ३८८६२८ | ५१७१०८ | ५४३०१९ | ५९६८२१ | ६५६५०३ | १७९६३४३ |
| आयअनुमान | | | | | | | |
| आय | ४०३१३० | ४७३०१९ | ५१७१०८ | ५४३०१९ | ५९६८२१ | ६५६५०३ | १७९६३४३ |
| राजस्व | ८५६९३ | १२८७४७ | १३६७७० | १५०४४७ | १६५४९२ | १८२०४१ | ४९७९८० |
| आन्तरिक राजस्व | ५७७८ | ३०८५८ | ३५७५९ | ३९३३५९ | ४३२६९ | ४७५९६ | ४८४२२४ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ७९९१४ | ९७८८९ | १०१०१० | ११११११ | १२२२२२ | १३४४४४ | २६७७७७ |
| ११४११ राजस्व बाँडफाँड सङ्घीय सरकार | ७५४८५ | ९४५०० | ९३२१० | १०२५३१ | ११२७८४ | १२४०६२ | ३३९३७७ |
| ११४५६ राजस्व बाँडफाँड प्रदेश सरकार | ४४२९ | ३३८९ | ७८०० | ८५८० | ९४३८ | १०३८१ | २८३९९ |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३१७४३७ | ३४४२७२ | ३८०३३८ | ३९२५७१ | ४३१३२८ | ४७४४६१ | १२९८३६० |
| संघीय सरकार | २९०९२५ | ३२१२३८ | ३५३५०० | ३६५२५० | ४०१२७५ | ४४१४०२ | १२०७९२७ |
| १३३११ समानिकरण अनुदान | ७९७०१ | ८६००० | ८९१०० | ९८०१० | १०७८११ | ११८५९२ | ३२४४१३ |
| १३३१२ शसर्त अनुदान चालु | १८७२२४ | १९२०३८ | १९०५०० | २०९५५० | २३०५०५ | २५३५५५ | ६९३६१० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ७००० | ३७२०० | ४१२०० | ४५३२० | ४९८५२ | ५४८३७ | १५०००९ |
| १३३१५ बिशेष अनुदान पुँजीगत | ११५०० | | ६७०० | ७३७० | ८१०७ | ८९१८ | २४३९५ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ५५०० | ६००० | २६००० | ५००० | ५००० | ५५०० | १५५०० |
| प्रदेश सरकार | २६५१२ | २३०३४ | २६८३८ | २७३२१ | ३००५३ | ३३०५९ | ९०४३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ४३६२ | ५५३४ | ५८३८ | ६४२१ | ७०६३ | ७७७० | २१२१५ |
| १३३१२ शसर्त अनुदान चालु | १५० | | | | | | |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ८००० | १०५०० | ११५०० | १२६५० | १३९१५ | १५३०६ | ४१८७१ |
| १३३१४ विशेष अनुदान चालु | १००० | | | | | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | ३००० | | २००० | | | | |
| १३३१६ समपुरक अनुदान चालु | १०००० | | ७५०० | ८२५० | ९०७५ | ९९८३ | २७३०८ |
| १३३१७ समपुरक अनुदान पुँजीगत | | ७००० | | | | | |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४: **रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| रणनीतिक संकेत | रणनीतिक स्तम्भ | योजना सङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा लगानी बढाउने । | ३४ | ४४५५२ | ९.७० | ५०१८२ | ९.७३ | ५६४०० | ९.७६ |
| २ | विकासका अवसरहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने । | १० | १०२०० | २.२२ | ११३०० | २.१९ | १७७२२ | ३.०७ |
| ३ | शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाहरूको गुणस्तर र पहुँच | २५ | २४३९३६ | ५३.०९ | २७३८०१ | ५३.०८ | ३०१५८० | ५२.१८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिवृद्धि गर्दै मौलिक हकको प्रत्याभूति गर्ने। | | | | | | | |
| ४ | गुणस्तरीय पूर्वाधारहरूमा सबैको पहुँच सुनिश्चित गर्ने । | २० | ८२७१३ | १८.०० | ९२८४८ | १८.०० | १०४०४१ | १८.०० |
| ५ | वातावरणीय सन्तुलन एवम् जल, जमिन, जङ्गल, जैविक विविधता आदि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण तथा विकास गर्ने । | १५ | १८३८१ | ४.०० | २०६३३ | ४.०० | २३१२० | ४.०० |
| ६ | सुशासन सम्बन्धी नीतिगत, कानुन एवम् संस्थागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने । | ४ | ५९७३७ | १३.०० | ६७०५७ | १३.०० | ७५१४० | १३.०० |
| जम्मा | | **१०८** | **४५९५१९** | **१००** | **५१५८२१** | **१००** | **५७८००३** | **१००** |

## ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण**

| प्राथमिकताक्रम | आयोजना सङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (१) | ७१ | ३५५२५३ | ७७.३१ | ४०१०३९ | ७७.७५ | ४४०१८१ | ७६.१६ |
| दोस्रो (२) | ३७ | १०४२६६ | २२.६९ | ११४७८२ | २२.२५ | १३७८२२ | २३.८४ |
| **कुल जम्मा** | **१०८** | **४५९५१९** | **१००** | **५१५८२१** | **१००** | **५७८००३** | **१००** |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं.६ मा प्रस्तुत गरिएको छ ।

*तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नम्बर | दिगो विकास लक्ष्य | योजना सङ्ख्या | आगामी आ.व.८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबिको अन्त्य | ९ | १४२०० | ३.०९ | १४९०० | २.८९ | १७९०० | ३.१० |
| २ | शुन्य भोकमरी | १३ | २५१५२ | ५.४७ | २४४०० | ४.७३ | २९५०० | ५.१० |
| ३ | स्वस्थ्य जीवन | ९ | ५७७३६ | १२.५६ | ६७९३० | १३.१७ | ८७६८० | १५.१७ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | १५२४०० | ३३.१७ | १६९९०० | ३२.९४ | १७४१०० | ३०.१२ |
| ५ | लैङ्गिक समानता | ७ | ८८०० | १.९२ | ९९०० | १.९२ | १६३२२ | २.८२ |
| ६ | स्वच्छ पानी र सरसफाई | ५ | २२९०० | ४.९८ | १८५७१ | ३.६० | २०४०० | ३.५३ |
| ७ | आधुनिक उर्जामा पहुँच | ३ | ४५०० | ०.९८ | ४५०० | ०.८७ | ४५०० | ०.७८ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १० | ४१०० | ०.८९ | ९७८२ | १.९० | ५९०० | १.०२ |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १७ | ६२७१३ | १३.६५ | ६९३४८ | १३.४४ | ८००४१ | १३.८५ |
| १० | असमानता न्यूनीकरण | ४ | १०९०० | २.३७ | १७४०० | ३.३७ | १९४०० | ३.३६ |
| ११ | दिगो शहर र बस्ती | ५ | १८००० | ३.९२ | २१५०० | ४.१७ | २४००० | ४.१५ |
| १२ | दिगो उपभोग र उत्पादन | २ | २१०१ | ०.४६ | २१०० | ०.४१ | २२०० | ०.३८ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ७ | ५३०० | १.१५ | ५७३३ | १.११ | ९१०० | १.५७ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | | ० | ०.०० | | ०.०० | | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | ६ | १०९८० | २.३९ | १२८०० | २.४८ | ११८२० | २.०४ |
| १६ | शान्ति न्याय र सबल संस्था | ३ | ९००० | १.९६ | १२०५७ | २.३४ | १०१४० | १.७५ |
| १७ | दिगो विकासकालागि साझेदारी | १ | ५०७३७ | ११.०४ | ५५००० | १०.६६ | ६५००० | ११.२५ |
| **कुल जम्मा** | | **१०८** | **४५९५१९** | **१००** | **५१५८२१** | **१००** | **५७८००३** | **१००** |

## घ. लैङ्गिक संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ७ मा प्रस्तुत छ ।

*तालिका ७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नम्बर | लैङ्गिक संकेत | योजना संङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रतक्ष्य लाभ | ३२ | १६५१८८ | ३५.९५ | १७३२०१ | ३३.५८ | १९८००२ | ३४.२६ |
| २ | अप्रतक्ष्य लाभ | ६७ | २७५८३१ | ६०.०३ | ३१९०९१ | ६१.८६ | ३५४९६१ | ६१.४१ |
| ३ | तटस्थ | ९ | १८५०० | ४.०३ | २३५२९ | ४.५६ | २५०४० | ४.३३ |
| कुल जम्मा | | १०८ | ४५९५१९ | १०० | ५१५८२१ | १०० | ५७८००३ | १०० |

## ङ. जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ८ मा प्रस्तुत छ ।

*तालिका ८: जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)*

| संकेत नम्बर | जलवायु परिवर्तन संकेत | योजना संङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रतक्ष्य लाभ | २२ | ३०७८१ | ६.७० | ३३५३३ | ६.५० | ३७४२० | ६.४७ |
| २ | अप्रतक्ष्य लाभ | ३० | १५०४०२ | ३२.७३ | १५९११९ | ३०.८५ | १८३४४१ | ३१.७४ |
| ३ | तटस्थ | ५६ | २७८३३६ | ६०.५७ | ३२३१६९ | ६२.६५ | ३५७१४२ | ६१.७९ |
| कुल जम्मा | | १०८ | ४५९५१९ | १०० | ५१५८२१ | १०० | ५७८००३ | १०० |

# परिच्छेद तीनः आर्थिक क्षेत्र

प्राथमिक क्षेत्रको विकास गर्न कृषि कर्जा र कृषि बिमाको सहजीकरण तथा उत्पादनलाई वजारको सुनिश्चितता गर्ने, कृषि क्षेत्रमा पूर्वाधार, यान्त्रिकीकरण, विविधीकरण र व्यवसायीकरणलाई प्राथमिकता दिई कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न सिंचाई प्रणालीलाई नियमित बनाउने ।आर्थिक क्षेत्र परिवर्तन गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिंचाई, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु रहेको छ । परिवर्तन गाउँपालिकाले व्यावसायिक उत्पादन प्रणालीलाई प्रोत्साहन गर्ने लक्ष्यका साथ अघि बढेको छ ।

## ३.१ कृषि तथा पशुपंक्षी

### ३.१.१ पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरि देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ । गाउँपालिकाको कूल क्षेत्रफलको करिव २८ प्रतिशत कृषियोग्य जमिन रहेको परिवर्तन व्यावसायिक कृषि तर्फ बिस्तारै अघि बढ्दैछ । पारिवारिक प्रयोजनका लागि धेर थोर सबै प्रकारका बालीहरू खेती गर्ने गरे पनि तुलनात्मक लाभ बढी भएका बालीहरू छनौट गरी व्यावसायिक उत्पादनलाई बढवा दिँदै जानु, पकेट क्षेत्र निर्धारण गरी सुन्तला, कागती, बाख्रापालन लगायत तरकारी तथा फलफूल तथा अन्नबालीहरूमा गहुँ, मकै र धानको व्यावसायिक उत्पादनको सुरुवात हुनु, यहाँको अवसरका रूपमा रहेको छ । मकै, आलु, सुन्तला र कागती यस क्षेत्रका प्रमुख बालीहरू हुन्, जुन गाउँपालिकामा व्यावसायिक रूपमा खेती गरिदैं आएका छन् ।

### ३.१.२ समस्या तथा चुनौती

मल बीउ प्राङ्गारिक मलको अभाव, युवा जनशक्ति पलायन, बाँदर, बँदेल, दुम्सी लगायतका जंगली जनावरको प्रकोप, प्राविधिक ज्ञानको अभाव, सिंचाईको अभाव, न्यून उत्पादकत्व, प्रतिफलको तुलनामा बढी लागत, दक्ष जनशक्तिको कमी, बजारको समस्या, आयतित खाद्य वस्तुको मात्रालाई न्यूनीकरण गर्नु, तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभको कमी हुनु, कृषि तथा पशुपालन क्षेत्रका समस्या तथा चुनौती हुन् ।

### ३.१.३ सोच

"परिवर्तनको समृद्धि कृषिमा यान्त्रिकरण, आधुनिकीकरण एवं व्यवसायीकरणबाट उत्पादन र उत्पादकत्वमा अभिवृद्धि"

### ३.१.४ उद्देश्य

१. कृषिलाई व्यवसायीकरण गर्दै कृषि उपजहरूको बजार प्रवर्द्धन गर्नु ।
२. कृषि उपजको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ल्याउँदै खाद्यमा आत्मनिर्भर बनाउनु ।
३. पशुपंक्षीपालनमा व्यावसायिकता विकास गर्दै रोजगारी सिर्जना गर्नु ।

### ३.१.५ रणनीति

१. उन्नत कृषि प्रणाली प्रयोगमा ल्याउने,

२. कृषि उत्पादनलाई बर्गिकरण गरी पकेट क्षेत्र पहिचान तथा परिचालन गर्ने

३. कृषि पुर्वाधारको विकासका लागि संघ र प्रदेशसँग सहकार्य गर्ने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ९: कृषि तथा पशुपन्छी विकास क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक***

| कृषि तथा पशुपन्छी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो वर्ष ८३/८४ | दोस्रो वर्ष ८४/८५ | तेस्रो वर्ष ८५/८६ | | | |
| कृषि पेशामा आबद्ध जनसंख्या | प्रतिशत | ७६ | ७० | ६५ | ६० | ५० | ५० | | |
| खेतीयोग्य जमिन | प्रतिशत | २८ | २८ | २८ | २८ | २८ | २८ | | |
| सिंचित क्षेत्रफल | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ४५ | | |
| वार्षिक धान उत्पादन | मे. टन | २२ | २५ | २७ | २९ | ३० | ३० | | |
| वार्षिक गहुँ उत्पादन | मे. टन | २२५० | २४०० | २६०० | २८०० | ३००० | ३००० | | |
| मकै उत्पादन | मे. टन | ४५०० | ५००० | ५५०० | ६००० | ६५०० | ६५०० | | |
| वार्षिक आलु उत्पादन | मे. टन | ३६०० | ४००० | ४५०० | ५००० | ५५०० | ५५०० | | |
| वार्षिक सुन्तला उत्पादन | मे. टन | १५० | २५० | ३५० | ४५० | ५५० | ५५० | | |

| कृषि तथा पशुपन्छी | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो वर्ष ८३/८४ | दोस्रो वर्ष ८४/८५ | तेस्रो वर्ष ८५/८६ | | | |
| वार्षिक कागती उत्पादन | मे. टन | ३०० | ४०० | ५०० | ६०० | ७०० | ७०० | | |
| वार्षिक केराउ उत्पादन | मे. टन | २०० | ३०० | ४०० | ४५० | ५०० | ५०० | | |
| ताजा तरकारी फर्म | संख्या | १० | १५ | १८ | २० | २२ | २२ | | |
| कृषि उपज सङ्कलन केन्द्र | संख्या | २ | ४ | ५ | ५ | ५ | ५ | | |
| बिउबिजन (नर्सरी) | संख्या | ० | २ | ४ | ६ | ८ | ८ | | |
| मलखाद केन्द्र | संख्या | ० | ० | २ | ३ | ४ | ४ | | |
| शीत भण्डारण | संख्या | ० | ० | १ | १ | १ | १ | | |
| कृषि तथा पशु प्राविधिक | संख्या | ६२ | ६५ | ७० | ७५ | ८० | ८० | | |
| कृषि विशेषज्ञ | संख्या | ० | १ | २ | ३ | ३ | ३ | | |
| दुध डेरी | संख्या | ० | १ | २ | ३ | ४ | ४ | | |
| व्यवसायिक पशु-पन्छीपालन फर्म | संख्या | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| दुध उत्पादन (प्रतिदिन) | लिटर | २०० | ३०० | ४०० | ५०० | ६०० | ६०० | | |
| बाखाको मासु | मे. टन | ५० | ८० | १०० | १२५ | १५० | १५० | | |

### ३.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि र पशुपालन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

*तालिका १०: कृषि तथा पशुपन्छी उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३१२५२ | १८१४० | १३११२ | | | | | |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८४/८५ | ३१२०० | १८५१० | १२६९० | | | | | |
| २०८५/८६ | ३९३०० | २४३६० | १४९४० | | | | | |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

*तालिका ११: कृषि तथा पशुपन्छी विकास कार्यक्रम*

| क.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपन्छी विकास कार्यक्रम | कृषिमा उत्पादन तथा मासु, अन्डा र दुधमा आत्मनिर्भर हुने | २०८३/८४ देखि २०८५/८६ | १०१७५२ | कृषि पकेटक्षेत्र विकास भइ आत्मनिर्भर हुनेछ, व्यावसायिक पशुपन्छीपालन तर्फ अग्रसर हुनेछ |

### ३.१.८ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा रहेका ब्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ । कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । यसैगरी कृषिजन्य उत्पादनमा नयाँ प्रकोपहरु आउन सक्ने सम्भावना समेत रहन्छ ।

## ३.२ सिंचाई

### ३.२.१. पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सा-साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनुगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराई कृषिको उत्पादन र उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिँचित क्षेत्र विस्तार गर्दै सिंचाई पूर्वाधार निर्माण तथा सिंचाई प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ ।

यहाँबाट बाहिर बसाइ सराई गर्ने प्रचलन दिनानुदिन तीव्र हुँदै गएका कारण यहाँका धेरै उत्पादन योग्य जमिन बाँझो हुँदै गएको अवस्था छ । जमिन उपयोग गर्ने मानव शक्तिको अभावका कारण पनि सिँचित जमिनमा

उत्पादन हुन सकेको छैन । गाउँपालिकाको ठूला फाँटहरूमा अपर्याप्त सिंचाई सुविधा हुनु, सिंचाई विकासमा आधुनिक प्रविधि (थोपा सिंचाई, प्लास्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिंचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नू, लिफ्टिङ प्रविधि सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिंचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

गाउँपालिकाको कुल खेति योग्य जमिन मध्ये ३० प्रतिशत कृषियोग्य भूमि मात्र सिँचित रहेको छ । गाउँपालिकाले कृषि क्षेत्रको उत्पादकत्व अभिवृद्धि गर्न सिँचाई पूर्वाधारको विकास गर्नु आवश्यक छ ।

### ३.२.२. समस्या तथा चुनौती

साना-साना सिंचाई योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिंचाई सुविधा उपलब्ध गराउन नसक्नू, कृषि र सिंचाई बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिंचाई प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नू, सिंचाई कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नू आदि यस क्षेत्रका सिंचाई विकासका चुनौतीहरू हुन् ।

### ३.२.३ सोच

"दिगो पूर्वाधार सहित सबैखेतीयोग्य जमिनमा व्यवस्थित सिंचाई"

### ३.२.४ उद्देश्य

१. जलाधार दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रुपमा सिंचाई सेवा उपलब्ध गराउनु ।
२. सिंचाईका वैकल्पिक प्रविधिहरूको अवलम्बनबाट सिंचाई सेवा सुनिश्चित गर्नु ।

### ३.२.५ रणनीति

१. सिमसार, ताल तलैया तथा पानी मुहान जस्ता जलाधार क्षेत्रको संरक्षण गर्दै विस्तार गर्ने ।
२. सिंचाई आयोजनाहरूको मर्मत सम्भार र स्तरोन्नति गर्दै सिंचाई सुविधा विस्तार गर्ने ।
३. उपयुक्त आधुनिक सिंचाई प्रविधिहरूको व्यवस्थाबाट सिंचाई सुविधा विस्तार गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

बार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका १२: सिंचाई विकास क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक*

| सिंचाइ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | २५ | ३० | ३५ | ४० | ५० | ५० | | |
| सुचारु सिंचाइ आयोजना | सङ्ख्या | ३ | ३ | ४ | ८ | १० | १० | | |
| कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | ३ | ४ | ६ | ७ | ८ | ८ | | |
| संरक्षित मुहान | सङ्ख्या | ४ | ५ | ८ | १२ | १४ | १४ | | |
| प्लास्टिक पोखरी | सङ्ख्या | २ | ३ | ५ | ७ | १० | १० | | |
| रिचार्ज पोखरी | सङ्ख्या | ० | ० | ३ | ६ | ८ | ८ | | |

### ३.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छः

*तालिका १३: सिंचाई उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७५०० | ४५०० | ३००० | | | | | |
| २०८४/८५ | ७५०० | ४५०० | ३००० | | | | | |
| २०८५/८६ | ७५०० | ४५०० | ३००० | | | | | |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको लागत सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका १४: सिंचाई विकास कार्यक्रम*

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई विकास कार्यक्रम | नियमित र भरपर्दो सिंचाई सेवा मार्फत कृषि उत्पादन तथा | २०८३/८४ देखि २०८५/८६ | २२५०० | कृषि उत्पादनमा उल्लेख्य वृद्धि भएको हुनेछ |

| क.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | उत्पादकत्व अभिबृद्धिगर्नु | | | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको बार्षिक बजेट कार्यक्रममा सिचाईलाई प्राथमिकताका साथ तर्जुमा गरेको छ । व्यवसायीक कृषकहरुबाट समेत आफनै पहलमा सिचाई सेवा विस्तार गरिनेछ । मौषम परिवर्तनका कारण बर्षायाममा बाढी, पहिरो, डुवान तथा हिउंदमा अत्यन्ते सुख्खा खडेरी हुने कारणले गर्दा सतह सिचाईका पुर्वाधारबाट पानीको मात्रा घट्न तथा क्षति हुन सक्ने जोखिम रहन्छ ।

## ३.३ उद्योग, व्यापार तथा व्यवसाय

### ३.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

यस गाउँपालिकामा रहेका स्थानीय बजारहरुबाट विशेषगरी खाद्यान्न, खुद्रा, भाँडा, हार्डवयरका सामग्री, कपडा, स्टेसननेरी तथा मासु लगायतका वस्तुहरूको कारोबार हुने गरेको छ । यस सन्दर्भमा गाउँपालिकाले औद्योगिक विकासको खाका कोर्ने आवश्यकता महसुस गरेको छ ।

### ३.३.२ समस्या तथा चुनौती

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परर्निभरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुंजीको पलायन हो । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने तथा नस्ल जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालन क्षेत्रमा समक्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको उत्खनन कानुन बमोजिम नहुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ३.३.३ सोच

“दिगो तथा रोजगारमुलक स्थानीय उद्योगको प्रवर्द्धन”

### ३.३.४ उद्देश्य

१. स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु ।

२. घरेलु तथा साना उद्योगको प्रवर्द्धनबाट रोजगारी एवं आय आर्जन वृद्धि गर्नु ।

### ३.३.५ रणनीति

१. घरेलु तथा साना उद्योगहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने ।
२. औद्योगिक पूर्वाधार एवं नीतिगत संरचनाहरू निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने ।
३. स्थानीय उत्पादनहरूको बजार प्रवर्द्धन गर्ने।
४. प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ एवं निर्यातजन्य उद्योगको प्रवर्द्धन गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखितआगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

***तालिका १५: उद्योग, व्यापार तथा व्यावसायको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | ९ | | |
| उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | १०० | ११० | ११५ | १२० | १३० | १३० | | |
| सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १०० | १५० | १७५ | २०० | २४० | २४० | | |
| घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ३ | ५ | १० | १२ | १४ | १४ | | |
| दर्ता गरी सञ्चालन भएका साना व्यवसाय | सङ्ख्या | २५० | २६० | २८० | २९० | ३०० | ३०० | | |
| स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | १ | २ | २ | ३ | ५ | ५ | | |
| थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | २० | २४ | ३० | ४० | ५० | ५० | | |
| स्थानीय बजार र आपूर्ति अनुगमन | पटक | २ | ३ | ९ | ११ | ११ | ११ | | |

### ३.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग तथा व्यापार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १६: उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २५०० | १५०० | १००० | | | | | |
| २०८४/८५ | २५०० | १५०० | १००० | | | | | |
| २०८५/८६ | ४५०० | २७०० | १८०० | | | | | |

### ३.३.८ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ:

*तालिका १७: उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम*

| क.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम | दिगो तथा रोजगारमुलक स्थानीय उद्योगको प्रवर्द्धन | २०८३/८४ देखि २०८५/८६ | ९५०० | व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १०% वृद्धि भएको हुनेछ |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ । उत्पादनमुखी उद्योगमा लगानी र अस्वस्थ प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ ।

## ३.४ पर्यटन विकास

### ३.४.१ पृष्ठभूमि

पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक सम्पदा एवं प्राकृतिक श्रोतहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुने गरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनता प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय

मौलिक झल्कने सांस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्द्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

गाउँपालिकाले मौलिक संस्कृति तथा ऐतिहासिक सम्पदालाई समृद्धि र समतामूलक समाज निर्माणमा उपयोग गर्ने अवसर रहेको छ । तसर्थ द्रुतगतिमा आर्थिक लाभ प्राप्त गर्ने सन्दर्भमा पर्यटनले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

### ३.४.२ समस्या चुनौती

विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नु, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ३.४.३ सोच

"धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक पर्यटकीय गन्तव्य"

### ३.४.४ उद्देश्य

१. पर्यटकीय गन्तव्यहरू एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन गर्नु
२. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै रोजगारी एवं आयआर्जनमा वृद्धि ल्याउनु

### ३.४.५ रणनीति

१. पर्यटकीय क्षेत्रहरू पहिचान गरी पर्यटकीय क्षेत्र विस्तार गर्ने
२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण, सम्वर्द्धन गर्ने
३. पर्यटकीय स्थलहरूमा सुधार ल्याउँदै पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्ने
४. पर्यटन प्रवर्द्धन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १८: पर्यटन विकासको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य*

| पर्यटन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| पर्यटकीय स्थल संरक्षण तथा प्रवर्धन | संख्या | ४ | ५ | ६ | ८ | ८ | ८ | | |
| पर्यटक सङ्ख्या आन्तरिक | संख्या | ४००० | ४००० | ६००० | ८००० | १०००० | १०००० | | |
| पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | १०० | १५० | १५५ | १६० | १६५ | १६५ | | |
| पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| आधारभुत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ४ | ५ | ६ | ८ | ८ | ८ | | |
| पर्यटकीय स्तरका होटल | सङ्ख्या | ० | १ | १ | २ | ३ | ३ | | |
| साधारण होटल | सङ्ख्या | १० | १० | १५ | २० | २५ | २५ | | |
| होम स्टे | सङ्ख्या | ० | ० | १ | २ | २ | २ | | |
| पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ० | ० | १ | २ | ३ | ३ | | |

## ३.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका १९: पर्यटन तथा संस्कृति क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३३०० | १९८० | १३२० | | | | | |

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८४/८५ | ८९८२ | ४२०२ | ४७८० | | | | | |
| २०८५/८६ | ५१०० | २९८० | २१२० | | | | | |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छः

**तालिका २०: पर्यटन तथा संस्कृति विकास कार्यक्रम**

| क.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन प्रवर्द्धन तथा संस्कृति सम्बर्धन कार्यक्रम | पर्यटन उद्योगको माध्यमबाट रोजगारी सिर्जना गर्ने | २०८३/८४ देखि २०८५/८६ | १७३८२ | स्थानीय अर्थतन्त्र चलयमान भएको हुनेछ। |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ । कोभिड १९ जस्ता महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ श्रम तथा रोजगारी

### ३.६.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने नेपाल सरकारले स्वदेशमा रोजगारीता सिर्जना र वैदेशिक रोजगारीता दुवै पक्षलाई प्राथमिकतामा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा बेरोजगारी श्रमशक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ ।

### ३.६.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । रोजगारीका

कारण बढ्दो बसाई सराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । पालिकामा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ।

### ३.६.३ सोच

“रोजगारी प्रवर्द्धनमा मार्फत आर्थिक सवलीकरण”

### ३.६.४ उद्देश्य

१. श्रमशक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारीता सिर्जना गर्नु ।
२. वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु ।

### ३.६.५ रणनीति

३. युवाहरूमा व्यावसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने ।
४. निजी क्षेत्रसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने ।
५. वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।
६. विप्रेषणलाई पूँजी उत्पादन क्षेत्रमा लगानी गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका बार्षिक योजना, कार्यक्रम तथा आयोजनाको समीक्षाको आधारमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका २१ः श्रम, रोजगारी र सामाजिक सुरक्षाको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य***

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्टयाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | प्रतिशत | - | १० | १२ | १४ | १६ | १६ | | |
| विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | १ | १ | १.५ | २ | २.५ | २.५ | | |
| विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | १२० | १२० | १३० | १४० | १५० | १५० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| वैदेशिक रोजगारी संलग्न घरपरिवारहरुलाई उद्यम विकास सहयोग | संख्या | - | ० | १० | २० | ३० | ३० | | |
| बेरोजगार दर | प्रतिशत | २० | १९ | १८ | १६ | १२ | १२ | | |

### ३.६.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका २२: श्रम तथा रोजगार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १४०० | ८४० | ५६० | | | | | |
| २०८४/८५ | १४०० | ८४० | ५६० | | | | | |
| २०८५/८६ | १४०० | ८४० | ५६० | | | | | |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छः

**तालिका २३ः श्रम तथा रोजगारी विकास कार्यक्रम**

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | रोजगारी प्रवर्द्धन कार्यक्रम | रोजगारीका अवसरहरु सिर्जना गर्ने | २०८३/८४ देखि २०८५/८६ | ४२०० | २०० भन्दा बढी न्यून आय भएका मानिस रोजगार हुनेछन् । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ ।

# परिच्छेद चारः सामाजिक विकास

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### ४.१.१ पृष्ठभुमि

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक बनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क बनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूलक एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

परिवर्तन गाउँपालिकाको कुल जनसंख्या मध्ये ७३.९ प्रतिशत मानिस साक्षर छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार पुरुष र महिला साक्षरता प्रतिशत क्रमसः ८१.१ र ६७.७ रहेको देखिन्छ । यस गाउँपालिकामा हाल शिक्षा ऐन निर्माण गरी कार्यन्वयनमा आइसकेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

भौगोलिक कठिनाइ, विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमी, विद्यालय, विद्यार्थी र अभिभावकहरू बीच नियमित सम्वादको अभाव र बुझाइमा कमी, आपत्कालिन अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरतामा कमी, सिकाइ उपलब्धि दर न्यून, विद्यालयहरूको नियमित अनुगमन र सुपरिवेक्षण कमी, विद्यालयमा शैक्षिक एवं भौतिक पूर्वाधारको कमी, र भएका पूर्वाधारहरू पनि बालबालिका एवं अपाङ्गता मैत्रीको अभाव, बाल मनोविज्ञान, मनोपरामर्शको अभाव र अध्ययन अनुसन्धानको पनि कमी, भाषा भेष भूषा र संस्कृतिमा बाह्य प्रभावलाई नियन्त्रण गर्नु, सामुदायिक विद्यालयको शिक्षालाई पूर्णतः प्रविधिमैत्री बनाउनु, विद्यालयका शिक्षकहरूको मनोबलमा अभिवृद्धि ल्याउनु, विद्यालय र अभिभावक बीचको बुझाइमा एकरूपता ल्याउनु आदि परिवर्तन गाउँपालिकाका शिक्षा विकासमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरू हुन् ।

### ४.१.३ सोच

"परिवर्तनको इच्छा व्यवहारिक गुणस्तरीय शिक्षा "

### ४.१.४ उद्देश्य

१. शिक्षामा अति गरिब, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सबैको सहज एवं समान पहुँच सुनिश्चित गर्नु ।
२. विद्यालयहरूमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु ।

### ४.१.५ रणनीति

१. साक्षरता वृद्धि तथा उमेर समूहका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने ।
२. शिक्षालाई सर्वसुलभ बनाउँदै गुणस्तरीय बनाउने ।
३. शैक्षिक एवं भौतिक पूर्वाधारको व्यवस्था गर्दै सुविधा सम्पन्न बनाउने ।
४. प्राविधिक दक्ष जनशक्ति विकास गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका २४: शिक्षा क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७५ | ७६ | ७७ | ८० | ८५ | ८५ | | |
| माध्यमिक तह (९–१२) मा खुद भर्नादर | प्रतिशत | ४५ | ५० | ६० | ६५ | ७० | ७० | | |
| आधारभूत तह (१–८) मा खुद भर्नादर | प्रतिशत | ९४ | ९६ | ९७ | ९८ | ९९ | ९९ | | |
| सामुदायिक सिकाइ केन्द्र | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| प्राविधिक धारका विद्यालय सञ्चालन | संख्या | १ | १ | १ | १ | २ | २ | | |
| कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १३ | १४ | १८ | २२ | २५ | २५ | | |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ३ | ५ | ७ | १० | १३ | १३ | | |
| छात्रामैत्री विद्यालय | सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | | |

#### ४.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छः

*तालिका २५: शिक्षा क्षेत्रको स्रोतको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १५२४०० | १३५६०० | १६८०० | | | | | |
| २०८४/८५ | १६९९०० | १५०६०० | १९३०० | | | | | |
| २०८५/८६ | १७४१०० | १६७८०० | ६३०० | | | | | |

#### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छः

**तालिका २६: शिक्षा विकास कार्यक्रम**

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामुदायिक शिक्षा सुधार कार्यक्रम | गुणस्तरीय शिक्षा प्रदान गर्नु | २०८३/८४ देखि २०८५/८६ | ४९६४०० | शैक्षिक पहुँच वृद्धि हुनेछ |

#### ४.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ ।

### ४.२ स्वास्थ्य तथा पोषण

#### ४.२.१ पृष्ठभूमि

यस परिवर्तन गाउँपालिका पुतलाचौर रोल्पा अन्तर्गत जम्मा ६ वटा वडाहरूमा स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइ केन्द्र गरी जम्मा ९ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । यी मध्ये आफ्नै जग्गा र भवन भएका स्वास्थ्य संस्थाहरू ८ वटा मात्रै छन् । आफ्नै जग्गा र भवन भएका स्वास्थ्य संस्थाहरूमध्ये पनि स्वास्थ्य चौकी केवरी बाहेक अरू सबै स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसारको स्वास्थ्य भवन छैन । सामुदायिक स्वास्थ्य इकाइ केन्द्र डाडागाउँ राङसीमा आफ्नो जग्गा भए पनि हालसम्म

भवन निर्माण भएको छैन । आफ्नो भवन भए पनि सबै स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा कोठाहरू पुगेका छैनन । यस गाउँपालिका भित्र प्रसुति केन्द्र भएका स्वास्थ्य संस्थाहरू कुरेली, राङसी, केवरी, पाछावाङ र राङ्कोट स्वास्थ्य चौकी हुन भने बाँकि स्वास्थ्य संस्थाहरूमा भौगोलिक विकट लगायत विविध कारणले व्यहारिक रूपमा प्रसुति गराएता पनि प्रसुति केन्द्र भने होइनन् । प्रसुति केन्द्र भएका संस्थाहरूमा सेवा प्रदायकलाइ आवासको सुविधा केवरी स्वास्थ्य चौकी बाहेक अरू कुनै पनि स्वास्थ्य संस्थाहरूमा छैन । खानेपानी, शैचालय, विद्युत, मोटरबाटोको सुविधा भने प्राय सबै स्वास्थ्य संस्थाहरूमा पुगेको छ । समग्रमा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधारको अवस्था कमजोर छ ।

### ४.२.२ समस्या तथा चुनौती

स्वास्थ्य संस्थाहरूको स्तरोन्नती कमी, स्वास्थ्य मेशिन उपकरण एवं पूर्वाधार अपर्याप्त, दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव, सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरूको अभाव, आयुर्वेद, वैकल्पिक चिकित्सालय, योगा सञ्चालनमा नआउनु, पौष्टिक आहार सम्बन्धी (जङ्क फुडको नकारात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु, स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको अवस्था छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता सवालहरू पनि चुनौतीको रूपमा रहेका छन् ।

### ४.२.३ सोच

"सक्षम स्वास्थ सेवा, खुशी परिवर्तनवासी"

### ४.२.४ उद्देश्य

१. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ एवं गुणस्तरीय बनाउनु ।
२. स्वास्थ्य एवं पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्नु ।

### ४.२.५ रणनीति

१. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।
२. प्रत्येक वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने तथा स्थापना भएका वडाहरूमा प्रभावकारी रूपमा सेवा प्रवाह गर्ने ।
३. स्वास्थ्यसम्बन्धी विपद् जोखम न्यूनीकरणका लागि आवश्यक व्यवस्था कानुनी र संस्थागत गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका २७: स्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य*

| स्वास्थ्य तथा पोषण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.५ | ७० | ७१ | ७१.५ | ७२ | ७२ | | |
| स्वास्थ संस्थामा सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९० | | |
| अस्पताल | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| स्वास्थ्य चौकी | सङ्ख्या | ५ | ५ | ५ | ६ | ६ | ६ | | |
| विशेषज्ञ चिकित्सक | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| सुत्केरी पस्चात ३ पटक जाँच गराउने आउने | प्रतिशत | ७८ | ८० | ८३ | ८५ | ८८ | ८८ | | |
| प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | प्रतिशत | ७३ | ७६ | ८० | ८५ | ९० | ९० | | |
| पूर्ण खोप | प्रतिशत | ९२ | ९४ | ९६ | ९७ | ९८ | ९८ | | |
| आयुर्बेद औषधालय भवन | संख्या | ० | ० | १ | १ | १ | १ | | |
| योग प्रशिक्षण केन्द्र | संख्या | ० | १ | १ | १ | १ | १ | | |
| स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | | |

### ४.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका २८: स्वास्थ्य तथा पोषण क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यव स्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५७७३६ | ५२०७६ | ५६६० | | | | | |
| २०८४/८५ | ६७९३० | ५८५५० | ९३८० | | | | | |
| २०८५/८६ | ८७६८० | ७०८०० | १६८८० | | | | | |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ:

**तालिका २९: स्वास्थ्य तथा पोषण कार्यक्रम**

| क.सं. | उप—क्षेत्रःकार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वाथ्य सेवा प्रवर्द्धन कार्यक्रम | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु | २०८३/८४ देखि २०८५/८६ | २१३३४६ | स्वास्थ्य सेवाको पहुँच वृद्धि हुनेछ। |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पूर्वाधार तथा भोतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवाला वीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिकाबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहन सक्छ ।

## ४.३ खानेपानी र सरसफाई

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ । त्यसैगरी दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्वपूर्ण लक्ष्य सूचकको रुपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

परिवर्तन गाउँपालिकामा अधिकांश मानिसहरूले पानी पिउनका लागि पाईप धारा प्रयोग गर्दछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ६६.१ प्रतिशत घरपरिवारले खानेपानी स्रोतको रूपमा पाईप धारा प्रयोग गर्दछन् । मूलधाराको खानेपानी प्रयोग गर्ने ३९.५ प्रतिशत, कुवाको १.५२ प्रतिशत, खोलाको ०.८ प्रतिशत र अन्य स्रोतको प्रयोग गर्ने ०.१ प्रतिशत छन् ।

### ४.३.२ समस्या तथा चुनौती

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि संघीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा खानेपानीको लागि उपभोक्ताहरूले दिगो योजना माग नगरी खाली पाइप मात्र माग गर्ने र गाउँपालिकाले पाइप वितरण गर्ने विकासको ढाँचा अहिलेको दिगो विकासको लागि सबैभन्दा ठूलो समस्या बनेको छ । खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खायाममा कतिपय वस्तिमा खानेपानीको अभाव हुने गरेको छ ।

### ४.३.३ सोच

"स्वच्छ सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सुविधा"

### ४.३.४ उद्देश्य

१. स्वच्छ, सफा र सुरक्षित खानेपानीमा नागरिकहरूको पहुँच अभिवृद्धि भई सर्वसुलभ बनाउनु ।

२. सरसफाइलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम राख्नु ।

### ४.३.५ रणनीति

१. खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण एवं सम्वर्द्धन गर्ने ।
२. आधारभूत खानेपानीमा सबैको सहज पहुँच अभिवृद्धि गर्ने ।
३. सरसफाइलाई व्यवस्थित गर्दै फोहरमैलालाई सुरक्षित विसर्जन गर्ने ।
४. सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यम कालीन लक्ष्य

गाउँपालिकाको नीति, योजना अनुसार कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका ३०: खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| खानेपानी तथा सरसफाइ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| सुरक्षित चर्पीको सुविधा नभएको घरपरिवार | प्रतिशत | १५ | १२ | ८ | ५ | ० | ० | | |
| सुरक्षित सुविधायुक्त चर्पी भएको घरपरिवार | प्रतिशत | ८५ | ८८ | ९२ | ९५ | १०० | १०० | | |
| पूर्ण सरसफाइको सूचक पूरा भएको घरपरिवार | प्रतिशत | २० | ३५ | ४५ | ५५ | ७० | ७० | | |
| पानी शुद्धीकरण गरी पिउने घरपरिवार | प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ७० | | |

### ४.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका ३१: खानेपानी तथा सरसफाई क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २२९०० | ५४०० | १७५०० | | | | | |
| २०८४/८५ | १८५७१ | १०१७१ | ८४०० | | | | | |
| २०८५/८६ | २०४०० | ५४०० | १५००० | | | | | |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

**तालिका ३२: खानेपानी तथा सरसफाई कार्यक्रम**

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी योजना निर्माण मर्मत तथा सरसफाई कार्यक्रम | गुणस्तरीय खानेपानी सेवा प्रदान गर्नु | २०८३/८४ देखि २०८५/८६ | ६१८७१ | गुणस्तरीय खानेपानी सेवाको पहुँच वृद्धि हुनेछ। |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन नभएमा अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

## ४.४ महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार परिवर्तन गाउँपालिकामा ५३.९ प्रतिशत महिला रहेको देखिन्छ । पुरुष साक्षरता ८१.३ र महिला साक्षरता ६७.७ प्रतिशत रहेको छ । करिब ६.५ प्रतिशत एकल महिला रहेका छन् । करिब ३२ प्रतिशत महिलाहरू १७ बर्षभित्र नै विवाह भएको देखिन्छ ।

यस गाउँपालिकामा गरिव विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । हाल यहाँ छ वटा बालक्लवहरू रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा बालबालिका (०-१७) उमेरका ७८४१ जना अर्थात् ३६.१८ प्रतिशत बालबालिका रहेका छन् । बालबालिकामध्ये पनि ३९५४ जना अर्थात् ३९.६० प्रतिशत बालक र ३८८७ जना अर्थात् ३३.२६ प्रतिशत बालिका छन् । पाँच वर्षमुनिका बालवालिकामा भने महिलाभन्दा पुरुषको जनसंख्या धेरै देखिन्छ ।

### ४.४.२ समस्या तथा चुनौती

स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन । गाउँपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा गाउँसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरण मुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीति गत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भए ता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेका छैनन् । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा

वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । वस्ति स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जालहरू गठन भएको भएता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ४.४.३ सोच

"विभेदरहित, समतामूलक सभ्य समाज"

### ४.४.४ उद्देश्य

१. लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण गर्नु ।
२. नीति निर्माण एवं नेतृत्व तह लगायतका क्षेत्रहरूमा समतामूलक समावेशीकरण भई विभेद रहित समाज निर्माण गर्नु ।

### ४.४.५ रणनीति

१. लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याउने ।
२. लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण गर्ने ।
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने ।
४. सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चितता गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३३: महिला, बालबालिका तथा लक्षित वर्गको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| महिला/घरेलु हिंसा | संख्या | ४० | ३५ | ३० | २० | १० | १० | | |
| बालश्रम | प्रतिशत | २ | २ | १.५ | १ | ०.५ | ०.५ | | |
| बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | सङ्ख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी घटना दर्ता | सङ्ख्या | | ० | ० | ० | ० | - | | |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | २० | २५ | ३० | ३५ | ४० | ४० | | |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | १३० | १५० | १७० | १९० | २१० | २१० | | |
| लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | | |
| पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| बाल उद्यान | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ६ | | |

### ४.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका ३४: महिला, बालबालिका तथा लक्षित वर्गको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ८८०० | ४८८० | ३९२० | | | | | |
| २०८४/८५ | ९९०० | ५७०० | ४२०० | | | | | |
| २०८५/८६ | १६३२२ | ८१२२ | ८२०० | | | | | |

### ४.४.८ कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ, अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

**तालिका ३५: लक्षित वर्ग विकास कार्यक्रम**

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग उत्थान कार्यक्रम | लक्षित वर्गको आयआर्जन वृद्धि गर्नु | २०८३/८४ देखि २०८५/८६ | ३५०२२ | लक्षित वर्गको पहुँच वृद्धि हुनेछ। |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागुभएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमी

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा (१६-४०) वर्षका युवा ८०३७ जना अर्थात् ३७.०९ प्रतिशत रहेका छन् । गाउँपालिकाको गौरवका आयोजनाको रूपमा रहेको बहुउद्देश्यीय कभर्डहल निर्माण भइरहेको, परिवर्तन गाउँपालिकाको ८ स्थानमा खेल मैदान रहेका छन् । यी खेल मैदानहरूको अवस्था सामान्य रहेको छ । गा.पा. स्तरीय अध्यक्ष कप निरन्तर सञ्चालन भइरहेको र अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता पनि हुने गरेको छ । त्यसै गरी यूवालाई रोजगारी दिन गाउँपालिकाले युवा स्वोरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ तर्जुमा गरी युवा स्वरोजगार कार्यक्रमलाई पालिकाको गौरवको योजना अन्तर्गत कार्यान्वयन गर्न सुरुवात गरेको छ।

### ४.५.२ समस्या र चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू यस क्षेत्रका समस्याहरू हुन् । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधा युक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदिलाई यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा

प्रतिस्पर्धी हुन नसक्नू, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ४.५.३ सोच

"व्यावसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गिण विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु ।

२. गाउँपालिकालाई दक्ष प्राविधिक शिक्षा तर्फ आकर्षण गर्नु ।

### ४.५.५ रणनीति

१. युवाहरूलाई नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने ।
२. खेल लगायत वौद्धिक कृयाकलापमा युवाहरुलाई सहभागि गराउनु ।
३. युवाहरूमा सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ३६: युवा तथा खेलकुद क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| युवा तथा खेलकुद | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| खेल मैदान | संख्या | १० | १२ | १४ | १६ | १८ | १८ | | |
| रंगशाला | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| कभर्ड हल | सङ्ख्या | १ | १ | २ | २ | २ | २ | | |
| युवा क्लब | प्रतिशत | | ५० | ५५ | ६० | ६५ | ६५ | | |
| उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १०० | १२० | १४० | १६० | १८० | १८० | | |
| उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | ७ | ८ | ८ | १० | १२ | १२ | | |
| पालिकास्तरीय खेलमैदान | सङ्ख्या | १ | १ | १ | १ | २ | २ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | | |
| पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | १ | १ | १ | १ | १ | १ | | |

### ४.५.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ३७: युवा तथा खेलकुद क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १०९०० | ५१४० | ५७६० | | | | | |
| २०८४/८५ | १७४०० | ७८४० | ९५६० | | | | | |
| २०८५/८६ | १९४०० | ३८४० | १५५६० | | | | | |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

*तालिका ३८: युवा तथा खेलकुद विकास कार्यक्रम*

| क्र.सं. | उप–क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | युवा तथा खेलकुद विकास कार्यक्रम | युवा रोजगारी सिर्जना तथा खेलकुद क्षेत्रको विकास गर्नु | २०८३/८४ देखि २०८५/८६ | ४७७०० | युवा रोजगारी सिर्जना १० प्रतिशतले वृद्धि हुनेछ। |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँचः पूर्वाधार क्षेत्र

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास महत्वपूर्ण आधार हो । कुनै पनि स्थानको विकासको मापन भौतिक संरचनाको विकासले देखाउँछ साथै आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार विकास आवश्यकता पर्छ । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक ऊर्जा, आवास, भवन तथा बस्ती विकास र सूचना तथा सञ्चार प्रविधि जस्ता विषयहरू पर्छन् ।व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ ।यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य ७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य-९ (उद्योग प्रवर्धन र पूर्वाधार) र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग सम्वन्धित रहेका छन् ।

## ५.१ आवास, भवन, वस्ती सार्वजनिक निर्माण

### ५.१.१ पृष्ठभूमी

नेपालको संविधानले योजनाबद्ध बसोबास, पूर्वाधारको विकास, बातावरणमैत्री सुरक्षित आवासको नागरिक हकलाई प्रत्याभूति गरेको छ । आवासको प्रकार र बस्तीको बनावट अनुसार यस गाउँपालिकामा मिश्रित किसिमको पूर्वाधार रहेको छ ।यस गाउँपालिकामा अधिकांश बस्तीहरूमा अर्ध पक्की तथा कच्चि घरहरूको संख्याको बाहुल्यता रहेको छ । गाउँपालिकाले निजी आवासहरूको नक्सा अभिलेखन राख्न सुरु गरिसकेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकाका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशिल न हुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चटयाङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ ।

### ५.१.३ सोच

“सुलभ, सुरक्षित एवम् व्यवस्थित शहरीकरण”

### ५.१.४ उद्देश्य

विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।

ढल, नाली तथा सार्वजनिक क्षेत्रहरुको ब्यवस्थापन गर्नु ।

### ५.१.५ रणनीति

१. भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।

२. व्यवसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु ।

३. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुऱ्याई बस्ती विकासको सहज वातावरण तयार गर्नु ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ३९: वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्टचाँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| भूकम्प प्रतिरोधी भवन | प्रतिशत | २ | ५ | ६ | १० | २० | ४० | | |
| व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | ० | १ | २ | | |
| पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | - | ० | नयाँ बन्ने सबै भवन | | | | | |
| जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | - | १ | १ | २ | २ | | |
| निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | - | १ | १ | २ | २ | | |
| कार्यपालिका भवन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | | |
| भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | | - | १ | २ | ४ | ४ | | |
| भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | | - | १ | २ | ४ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | | १० | नयाँ बन्ने सबै | | | | | |
| भूकम्प प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | | ५ | नयाँ बन्ने सबै | | | | | |
| भूकम्प प्रतिरोधी अन्य सरकारी भवन | सङ्ख्या | | ६ | नयाँ बन्ने सबै | | | | | |
| विपन्नकालागि निर्मित आवास | सङ्ख्या | | ० | ० | ५ | १० | २० | | |

### ५.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

*तालिका ४०: आवास तथा भवन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २१००० | १२६०० | ८४०० | | | | | |
| २०८४/८५ | २४५०० | १४७०० | ९८०० | | | | | |
| २०८४/८५ | २७००० | १६२०० | १०८०० | | | | | |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

*तालिका ४१: आवास तथा भवन विकास कार्यक्रम*

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वस्ती विकास कार्यक्रम | सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु | २०८३/८४ देखि २०८५/८६ | ७२५०० | सुरक्षित आवास निर्माण हुनेछ |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकामा आवाशिय तथा ब्यवसायिक भवनको मापदण्ड तयार हुनेछ । भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ ।

शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेबमोजिम तहगत सरकारको अधीनमा रहने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहत रहने व्यवस्था छ । मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गतिशील पार्न, स्थानीय जनताको सेवा सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवं प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ ।

यस गाउँपालिकामा हरेक वडामा यातायातको पहुँच रहेको छ तर सडकको अवस्था तथा गुणस्तर भने नाजुक नै छ । भौगोलिक विकटता, छरिएको बस्ती तथा स्रोत साधनको अपर्याप्तता जस्ता कुराहरूले गर्दा सडक तथा यातयातको क्षेत्रमा अपेक्षा गरे अनुसारको प्रगति हुन सकेको छैन ।

### ५.२.२ समस्या तथा चूनौति

परिवर्तन गाउँपालिकाको प्रमुख समस्या भनेको विगतमा विना इन्जिनियरिङ ट्र्याक नमिलाइकन खनिएका ग्रामीण सडकहरू जुन छोटा र सहज पहुँच पुग्ने प्रकृतिका छैनन् । यी सडकहरूमा यात्रा गर्दा समय बढी लाग्ने, घुमाउरो अनि इन्धन वढी खाने सडकहरू हुन् । अहिले यीनै सडकहरूको स्तर उन्नति गर्दा झनै बढी लागत लाग्नुका साथै ट्राफिक मापदण्ड कायम गर्न पनि कठिनाइ हुने देखिएका छन् । मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नू, आदि लाई यहाँका समस्याका रूपमा लिन सकिन्छ । सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु पनि समस्याहरू हुन् । साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नू, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । धेरै कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

### ५.२.३ सोच

**"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"**

### ५.२.४ उद्देश्य

१. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।
२. यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।

### ५.२.५ रणनीति

१. पूर्वाधार निर्माणका लागि प्रदेश, संघ तथा विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने ।

२. छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने ।

३. वातावरणमैत्री दिगो यातायात प्रणालीको विकास गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ४२: सडक, पुल तथा यातायातको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| सडक, पुल तथा यातायात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| पक्की सडक | कि.मि. | ० | ० | ३ | ६ | ९ | ९ | | |
| ग्राभेल सडक | कि.मि. | ० | ० | ५ | ६ | ७ | ७ | | |
| नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ० | ४० | ४० | ४० | ४० | ४० | | |
| वायोइञ्जिनिरिङ्ग प्रविधी र सडक साइड वृक्षारोपण | कि.मी. | ० | ० | ३ | ४ | ५ | ७ | | |
| बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | मिटर | - | १०० | ५०० | ८०० | १२०० | २००० | | |

## ५.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ४३ः सडक, पुल तथा यातायात क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यव स्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ५०९१३ | ११६४८ | ३९२६५ | | | | | |
| २०८४/८५ | ५७५४८ | १२६०१ | ४४९४७ | | | | | |
| २०८५/८६ | ६५२४१ | १६२०१ | ४९०४० | | | | | |

## ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४४ः सडक विकास कार्यक्रम**

| क.सं. | उप—क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक विकास कार्यक्रम | सुरक्षित तथा व्यवस्थित यातयात सुनिश्चित गर्नु | २०८३/८४ देखि २०८५/८६ | १७३७०२ | सुरक्षित यातयात निर्माण हुनेछ |

## ५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। गाउँपालिकाले रुपान्तरणकारी तथा विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन भएको हुनेछ । सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

जलविद्युत, आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण माध्यम हो । सङ्घीय सरकार र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको छ । विद्युत विकास र व्यवस्थापनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ ।

परिवर्तन गाउँपालिकाको ९६.६ प्रतिशत घरपरिवारमा विद्युत पुगेको छ तथा कतिपय ठाउँमा पुग्ने अवस्थामा छ । एकदम न्यून घरपरिवारले नवीकरणीय ऊर्जा प्रयोग गर्दछन् । यस गाउँपालिकाको बजार क्षेत्रमा बसोबास गर्ने घरपरिवारले खाना बनाउन ग्यासको प्रयोग गर्दछन् भने ग्रामीण क्षेत्रका अधिकांश घरपरिवारले दाउराको प्रयोग गर्दछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार खान पकाउन इन्धनको रूपमा दउरा प्रयोग गर्ने घरपरिवार ९५.३ छ ।

### ५.३.२ समस्या तथा चूनौति

सबै घरधुरीमा विद्युत सेवा जडान गर्नु, न्यून संख्यामा विद्युत ट्रान्समिटर र कमजोरका कारण विद्युत सेवा समय समयमा अवरुद्ध, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा बत्तीहरू नहुँदा रातमा असुरक्षा बढ्दो, वैकल्पिक खासगरी सौर्य ऊर्जा सदुपयोगमा कमी, खाना पकाउने एलपि ग्याँसमा न्यूनीकरण गर्नु, विद्युतीय चुल्होहरूलाई प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु, सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊर्जाको रूपमा स्थापित गर्नु आदि परिवर्तन गाउँपालिकामा विद्यमान ऊर्जा विकासका समस्या तथा चुनौतीहरू हुन् ।

### ५.३.३ सोच

"भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र ब्यवसायिक उपयोग"

### ५.३.४ उद्देश्य

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु ।
२. वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु ।

### ५.३.५ रणनीति

१. विद्युत सञ्जालको नियमित मर्मत सम्भार र संरक्षण गर्नू ।
२. विद्युत खपत तथा ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।
३. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धन माथिको निर्भरता कम गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४५: जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा**

| जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९७ | ९८ | ९९ | ९९.५ | १०० | | |
| खाना पकाउने इन्धनका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९३ | ८८ | ८० | ७० | ६० | ६० | |

## ५.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ ।

*तालिका ४६: विद्युत तथा उर्जा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४५०० | २७०० | १८०० | | | | | |
| २०८४/८५ | ४५०० | २७०० | १८०० | | | | | |
| २०८५/८६ | ४५०० | २७०० | १८०० | | | | | |

## ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका ४७: विद्युत तथा उर्जा विकास कार्यक्रम*

| क्र.सं. | उप— क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | विद्युत पहुँच विस्तार गर्नु | २०८३/८४ देखि २०८५/८६ | १३५०० | विद्युत सेवा सबै घरमा पुगेको हुनेछ |

## ६.३.९ जोखिम पक्ष तथा अनुमान

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

## ५.४.१ पृष्ठभूमि

जलविद्युत, आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण माध्यम हो । सङ्घीय सरकार र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको छ । विद्युत विकास र व्यवस्थापनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ ।

परिवर्तन गाउँपालिकाको ९६.६ प्रतिशत घरपरिवारमा विद्युत पुगेको छ तथा कतिपय ठाउँमा पुग्ने अवस्थामा छ । एकदम न्यून घरपरिवारले नवीकरणीय ऊर्जा प्रयोग गर्दछन् ।यस गाउँपालिकाको बजार क्षेत्रमा बसोबास गर्ने घरपरिवारले खाना बनाउन ग्यासको प्रयोग गर्दछन् भने ग्रामीण क्षेत्रका अधिकांश घरपरिवारले दाउराको प्रयोग गर्दछन् ।राष्ट्रिय जनगणना २०७८ अनुसार खान पकाउन इन्धनको रूपमा दउरा प्रयोग गर्ने घरपरिवार ९५.३ छ ।

## ५.४.२ समस्या तथा चूनौती

भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वडासम्म द्रुतता दिन सजिलो छैन । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचना गत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकोले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइबर पुग्न सकेको छैन ।

## ५.४.३ सोच

"प्रविधिमा आधारित विद्युतीय सुशासन"

## ५.४.४ उद्देश्य

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु ।
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु ।

## ५.४.५ रणनीति।

१. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
२. गाउँपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोग जोड दिने,
३. युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवद्र्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने ।

## ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४८:सूचना तथा संचार क्षेत्रको नतिजासूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ७० | ८० | ८५ | ८५ | ९० | ९० | | |
| ईन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ७ | १० | १५ | २० | २५ | २५ | | |
| टेलिफोन/मोवाइल सुविधा भएको परिवार | प्रतिशत | ८८ | ९२ | ९५ | ९८ | १०० | १०० | | |
| टेलिभिजन उपलब्ध घरपरिवार | प्रतिशत | २५ | ३० | ३५ | ४० | ५० | ५० | | |
| ईन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

### ५.४.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप—क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

*तालिका ४९:सूचना तथा संचार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान*

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ६३०० | ३७८० | २५२० | | | | | |
| २०८४/८५ | ६३०० | ३७८० | २५२० | | | | | |
| २०८५/८६ | ७३०० | ४३८० | २९२० | | | | | |

### ५.४.८ कार्यक्रम-आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका ५०:सूचना तथा सञ्चार विकास कार्यक्रम*

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार विकास कार्यक्रम | सञ्चारको पहुँच विस्तार गर्नु | २०८३/८४ देखि २०८५/८६ | १९९०० | विद्युत सेवा सबै घरमा पुगेको हुनेछ |

### ५.४.९ जोखिम पक्ष तथा अनुमान जोखिम पक्ष तथा अनुमान

सेवा प्रवाह क्षेत्रको पहुँचबाट टाढा भएका ठाउँहरूमा सेवा प्रवाहमा कठिनाइ उत्पन्न हुनेछ। सेवा विस्तार र नयाँ कार्यक्रम सञ्चालनको सम्भावना रहेको तथा विपद् व्यवस्थापनको तयारीले सेवा प्रवाह र लाभग्राहीहरू प्रभावित हुने तथा सञ्चालन चुनौती र खर्चिलो हुने अवस्था देखा पर्न सक्छ।

# परिच्छेद ६ः वन वातावरण तथा विपद व्यवस्थापन

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रूपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन् । उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी पाँच वर्षका लागि लक्ष्य, उद्देश्य एवं लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवं प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन् ।

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

यस गाउँपालिकाको करिब ४९ प्रतिशत भूभाग बनजंगल तथा घाँसे मैदानले ढाकिएको छ । गाउँपालिकाले विगतदेखि नै सामुदायिक बन व्यवस्थापन पक्षलाई व्यवस्थित गरेको छ । गाउँपालिकाभित्र एक घर दुई रुख कार्यक्रम तथा एक घर एक करेसाबारी कार्यक्रम तर्जुमा गरिएको छ । सहरी क्षेत्र तथा खाली ठाउँ सौन्दर्यकरणका लागि वृक्षरोपण कार्यक्रम सञ्चालन भएको छ । यस गाउँपालिकामा उष्णीय तथा सम-शीतोष्ण दुवै खालको हावापानी पाइने हुँदा जैविक विविधताले भरिएको छ । यहाँको बनमा साल, सिसौ, बकैना, जामुन, तेजपातजस्ता बनस्पतिहरूका साथै विभिन्न प्रकारका जडिबुटीहरू जस्तै कुरिलो, हर्रो, बर्रो आदि पाइन्छ । प्रशस्त घाँसे मैदान भएकाले सानासाना किरा फट्यांग्रा तथा साना चराहरू पनि प्रशस्त पाइन्छन् । गाउँपालिकाले आफै फोहरमैला व्यवस्थापन गर्दै आएको छ भने विपद व्यवस्थापनका लागि हरेक वडामा विपद प्रतिकार्य टोली गठन भई व्यवस्थापनका कामहरू भइरहेका छन् ।

### ६.१.२ समस्या तथा चूनौति

वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, वन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदरबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ किनारमा वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

### ६.१.३ सोच

"स्वच्छ तथा दिगो पर्यावरण"

### ६.१.४ उद्देश्य

१. जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।

२. वनक्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य श्रोतको रूपमा विकास गर्नु ।

### ६.१.५ रणनीति

१. वातावरणलाई संरक्षणका लागि पोखरी तथा प्राकृतिक श्रोतलाई उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने ।

२. वन, वृक्षरोपण र वागवानीमा वृद्धि गर्दै उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक नीति तथा योजनाका आधारमा वन तथा जैविक विविधता कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ ।

*तालिका ५१: वन तथा जैविक विविधता क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य*

| वन तथा जैविक विविधता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ | | |
| सडक किनारामा विरुवा रोपिएको सडक | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ | | |
| फोहर मैला ल्याण्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ | १ | | |
| विपद्कालिन आश्रयस्थल | संख्या | ० | १ | १ | २ | २ | ३ | | |
| विपद व्यवस्थापनमा संलग्न स्थानीय संस्था तथा संयन्त्र | संख्या | १ | १ | १ | १ | १ | १ | | |
| एम्बुलेन्स | संख्या | १ | १ | १ | १ | १ | १ | | |

### ६.१.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५२: वन तथा जैविक विविधता क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २१०१ | १६८१ | ४२० | | | | | |
| २०८४/८५ | २१०० | १६८० | ४२० | | | | | |
| २०८५/८६ | २२०० | १७८० | ४२० | | | | | |

## ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका ५३: वन तथा जैविक विविधता कार्यक्रम*

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा हरियाली प्रवर्द्धन सालबसाली कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | २०८३/८४ देखि २०८५/८६ | ६४०१ | सामुदायिक वन तथा सार्वजनिक स्थलहरुमा २५०० बृक्षारोपण भएको हुनेछ । |

## ६.१.९ जोखिम पक्ष तथा अनुमान

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा व्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ । सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवर्द्धन हुन नसके अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

# ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

## ६.२.१ पृष्ठभूमि

यस गाउँपालिकाबासीले हाल सम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन् । गाउँपालिकाका सवै ग्रामीण क्षेत्रमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ । सडक क्षेत्रमा निस्कने ब्यवसायीक फोहरमैला स्वयम उद्योग ब्यवसाय सञ्चालकबाट ब्यवस्थापन गरिएको छ । गाउँपालिकाले फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

### ६.२.२ समस्या तथा चुनौति

गाउँपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपविारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको ब्यवस्था गर्न नसक्नु हो । यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतिका रूपमा देखिएको छ । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौति पनि थपिएको छ ।

### ६.२.३ सोच

"स्वच्छ तथा प्रविधिमैधी सरसफाई परिवर्तन"

### ६.२.४ लक्ष्य र उद्देश्य

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु ।

### ६.२.५ रणनीति

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने ।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने ।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

दीर्घकालीन नीति तथा योजनाका आधारमा तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ ।

**तालिका ५४: वातावरण तथा फोहोरमैला व्यवस्थापनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | एकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | ० | २ | ४ | ६ | | |
| धुवाँमुक्त घरधुरी | प्रतिशत | ० | २ | ३ | ४ | ५ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| फोहोरमैला बिसर्जन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| फोहोरमैला बिसर्जन नीति | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | - | – | १५ | १५ | १५ | १५ | | |
| डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | १ | २ | २ | ३ | ४ | ७ | | |
| फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | ० | ० | १ | २ | ३ | ३ | | |
| फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | १ | २ | ४ | ६ | ८ | ८ | | |
| स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | | – | १ | १ | १ | १ | | |
| वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | १ | १ | १ | १ | १ | ३ | | |

## ६.२.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला ब्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५५: वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १३४८० | ११५६० | १९२० | | | | | |
| २०८४/८५ | १५७३३ | १३६१३ | २१२० | | | | | |
| २०८५/८६ | १६६२० | १२९६० | ३६६० | | | | | |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका ५६:वातावरण तथा फोहरमैला व्यवस्थापन कार्यक्रम*

| क.सं. | उप— क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नदि, पोखरी संरक्षण, नदि नियन्त्रण, पुर्ण सरसफाई, फोहरमैला व्यवस्थापन सालवसाली कार्यक्रम | ताल संरक्षण, नदि नियन्त्रण तथा बस्ती तथा जमनीको संरक्षण गर्नु तथा फोहरमैला व्यवस्थापन गरी स्वच्छता कायम गर्नु । | २०८३/८४ देखि २०८५/८६ | ४५८३३ | ताल पोखरी संरक्षण भएको हुनेछ तथा फोहरमैला व्यवस्थापन भई स्वच्छता बृद्धि भएको हुनेछ । |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ । फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

विपद् व्यवस्थापनका लागि परिवर्तन गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरेको छ भने यस सम्बन्धी क्रियाकलापहरू गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ । गाउँपालिका विपद् व्यवस्थापन कोषको स्थापना र वार्षिक रूपमा कोषको लागि रकम विनियोजन हुने गर्ने गरेको छ । गाउँपालिका आपत्कालिन सेवाका लागि महत्त्वपूर्ण मानिएको वारुण यन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन भएको छैन । गाउँपालिका द्वारा संचालित १ वटा एम्बुलेन्स मार्फत सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा बर्खाको समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । आपत्कालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि गाउँपालिका खुला स्थान, सामुदायिक भवन र केही पार्कहरू रहेका छन् ।

### ६.३.२ समस्या तथा चूनौति

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइ पर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

### ६.३.३ सोच

"विपद व्यवस्थापनमा सक्षम, र उत्थानशील परिवर्तन"

### ६.३.४ उद्देश्य

१. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु ।
२. गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

### ६.३.५ रणनीति

१. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने ।
२. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सबलीकरण गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको नीति तथा योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५७ः विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सूचक | **एकाइ** | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | | जम्मा | पुष्ट्याँइ को स्रोत | जोखिम पक्ष तथा अनुमान |
| | | | | पहिलो | दोस्रो | तेस्रो | | | |
| आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ० | ० | ५ | १० | १२ | १२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन योजना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| स्थानीय विपद जोखिम न्युनीकरण तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | | |
| विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | - | – | २० | २० | २० | २० | | |
| सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ० | ० | ५ | १० | १५ | २५ | | |
| तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | ० | १० | १० | १० | ५० | | |
| वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधुरी | संख्या | ० | ० | नक्शांकन भईरहेको | | | | | |

## ६.३.७ विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ ।

**तालिका ५८: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २८०० | १६८० | ११२० | | | | | |
| २०८४/८५ | २८०० | १६८० | ११२० | | | | | |
| २०८५/८६ | ४३०० | २५८० | १७२० | | | | | |

## ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ ।

*तालिका ५९:विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलन कार्यक्रम*

| क्र.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद पुर्वतयारी जोखिम न्यूनीकरण, उद्दार, राहत तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली | विपद जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि | २०८३/८४ देखि २०८५/८६ | ९९०० | विपदबाट हुने क्षतिमा वार्षिक ३० प्रतिशत कमी आउनेछ । |

| क.सं. | उप—क्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | कार्यक्रम | गर्नु | | | |

## ६.३.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्युनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ । मानविय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभिमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ । बाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तो सुकै विपद पर्न सक्ने जोखिम रहन्छ ।

## परिच्छेद सातः संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप—क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाले स्थानीय सुशासन कायम राख्न हाल सम्म ४२ वटा कानून निर्माण गरी कार्यन्वयनमा ल्याएको छ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका र प्रत्येक वडा कार्यलयहरूमा नागरिक वडापत्र, हेल्प डेस्क लगाएतका कार्यहरूको सुरुवात भएको छ । सहभागितामूलक योजना तर्जुमा प्रक्रियामार्फत् नागरिकको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी, नागरिक वडा पत्रमार्फत् सार्वजनिक गर्ने गरिएको छ ।त्यसै गरी अनलाइन व्यक्तिगत फारम भर्ने व्यवस्था सबै वडामा विस्तार हुँदैछ ।यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्य गर्ने विभिन्न गैर सरकारी संस्थाहरू रहेका छन् । गाउँपालिकाले आ.व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा ८०.२५ अंक प्राप्त गरेको छ ।सवै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरूपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी **सुत्र प्रणाली** मार्फत व्यवस्थित गरिएको छ ।

### ७.१.२ समस्या तथा चूनौति

गाउँ कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ । गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना भएता पनि सो अनुसार विकासको अग्रणी क्षेत्रहरू भूउपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरु कार्यान्वयन नहुँदा ठोस तथा नतिजामूखी विकास हुन सकेको छैन भने गाउँपालिकाका योजनाहरुको प्राथमिकता, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ । फलस्वरूप आयोजना तथा कार्यक्रममा गुणस्तर कायम गरी समयमा उपलब्धि मूलक रूपमा सम्पन्न गर्न सकिएको छैन ।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ । राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार

र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन ।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन । उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी गाउँपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन । उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकाससम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन । निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन ।

### ७.१.३ सोच

"सवल र सक्षम प्रशासन, दिगो सुशासन"

### ७.१.४ उद्देश्य

सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु,

### ७.१.५ रणनीति

१. सुशासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,

२. गाउँपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,

३. न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ ।

